# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## माघे संक्रान्ति एवं माघी पर्व, २०८२ को शुभकामना सन्देश

माघे संक्रान्ति एवं माघी पर्व २०८२ को उल्लासमय अवसरमा वागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीवहिनी तथा दाजुभाइहरुप्रति सुस्वास्थ्य, दिर्घायू, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

माघे संक्रान्ति नेपालमा बसोवास गर्ने थारू र मगर जातिको प्रमुख पर्व भएता पनि देशका सबै भागमा आ-आफ्नै तौर तरिकाले यो पर्व मनाउने गरिन्छ । थारू समुदायले यस पर्वलाई नयाँ वर्षका रुपमा पनि लिने गर्दछन् । माघे संक्रान्तिको दिन नदी, ताल, जलाशयहरूमा स्नान गरि ध्यू, चाकु, तिलको लड्डु, खिचडी, तरुल लगायत विभिन्न परिकारहरु खाइ हासिखुशीका साथ यो पर्व मनाइन्छ ।

हाम्रा चाडपर्वहरू खुशी र समृद्ध जीवनका आधार हुन् । हाम्रा चाडपर्वहरूमा हाम्रो मौलिकता र विशिष्टता झल्किने गर्दछन् । विविधताको सुन्दर फुलवारिमा राष्ट्रिय एकता, मेलमिलाप, सहिष्णुता र सह-अस्तित्व फक्रिदा र फुल्दा सुन्दर, शान्त र विशाल नेपालमा परमआनन्दको महसूस हुने गर्दछ । सांस्कृतिक सम्पन्नता र गौरवलाई कायम राखी सुन्दर, शान्त र समृद्ध देश निर्माणमा एकजूट भएर अघि बढ्न हामी सबैलाई यो पर्वले प्रेरणा दिने अपेक्षाका साथ पुनः सबैमा माघे संक्रान्तिको शुभकामना अर्पण गर्दछु ।

**२०८२ साल माघ ०१ गते, बिहीवार**
**ने.सं. ११४६ प्वहेलागा: द्वादशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**